जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १५८ पृष्ठः ४ | २०८३ असोज २८ बुधबार (Wednesday 14 Oct. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजारमा निःशुल्क स्वास्थ्य शिविर, १९० जनाले लिए सेवा



सिरहा, २७ असोज। सिरहाको गोलबजार नगरपालिकामा गरिब, विपन्न तथा दलित समुदायका नागरिकलाई लक्षित गरी एकदिने निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। गोलबजार नगरपालिका-२ को आयोजनामा तथा नगरपालिकाको स्वास्थ्य शाखाको समन्वयमा सञ्चालित शिविरबाट१९० जनाले स्वास्थ्य सेवा लिएका छन्।

जनताको पैसा जनताकै हकहित र सेवामा खर्च गर्ने उद्देश्यले आयोजना गरिएको शिविरमा स्त्री तथा प्रसूति रोग, हाडजोर्नी, फिजियोथेरापी र जनरल मेडिसिनलगायतका सेवा प्रदान गरिएको थियो। शिविरमा विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण तथा परामर्श दिनुका साथै बिरामीलाई निःशुल्क औषधिसमेत वितरण गरिएको वडा कार्यालयले जनाएको छ।

आर्थिक अभावका कारण लामो समयदेखि उपचार गराउन नसकेका स्थानीय नागरिकले शिविरबाट राहत मिलेको बताएका छन्। उनीहरूले निजी अस्पतालमा उपचार गराउन आर्थिक समस्या हुने गरेको उल्लेख गर्दै यस्ता शिविरलाई नियमित रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिएका छन्। स्थानीय पवन सदायले आर्थिक अभावका कारण करिब तीन-चार वर्षदेखि ढाड, कम्मर, घाँटी र खुट्टा दुख्ने समस्याको उपचार गराउन नसकेको बताइन्।

निजी अस्पतालमा उपचार गराउन धेरै पैसा लाग्ने भएकाले आफूले स्वास्थ्य समस्या सहेरै बस्नुपरेको उनको भनाइ छ। 'गरिबीका कारण तीन-चार वर्षदेखि स्वास्थ्य समस्याको उपचार गराउन सकेकी थिइनँ। निजी अस्पतालमा जाँदा धेरै पैसा माग्छन्। आफूसँग पैसा छैन, कसरी उपचार गराउनु? सामान्य स्वास्थ्य शिविरले मात्रै पुग्दैन, ठूला शिविर ल्याएर जनतालाई सेवा दिनुपर्छ', उनले भनिन्।

त्यस्तै, कर्जन्हा नगरपालिकाकी फूलकुमारी सदायले पनि आर्थिक अभावका कारण उपचार गराउन

-बाँकी तीन पेजमा

## गोलबजार स्वास्थ्य चौकीलाई कुमारी बैंकको स्वास्थ्य सामग्री सहयोग



सिरहा, २७ मंसिर। कुमारी बैंकको गोलबजार शाखाले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत गोलबजार स्वास्थ्य चौकीलाई स्वास्थ्यसम्बन्धी सामग्री हस्तान्तरण गरेको छ। स्वास्थ्य सेवाको गुणस्तर सुधारमा सहयोग पुऱ्याउने उद्देश्यले बैंकले स्वास्थ्य चौकीलाई आज आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराएको हो।

कुमारी बैंकको गोलबजार

-बाँकी तीन पेजमा

## गुणस्तरहीन सडक निर्माण भएको भन्दै स्थानीयद्वारा काम अवरुद्ध



लहान, २७ असोज। लहान नगरपालिका-१, २, ३ र १९ लाई जोड्ने मुख्य सडकको निर्माण गुणस्तरहीन भएको भन्दै स्थानीयवासीले निर्माण कार्य अवरुद्ध गरेका छन्। दुई किलोमिटर लामो सडक कालोपत्रे गर्ने क्रममा वडा नं. १९ को कटहा चोकबाट सुरु भएको काम वडा नं. २ मा आइपुगेपछि स्थानीयवासीले अवरोध गरेका हुन्। सडक निर्माणमा गुणस्तर कायम नभएको भन्दै उनीहरूले काम रोक्न माग गरेका छन्।

२०८१ साल चैत ६ गते रिलायन्स बिल्डर्स एन्ड सप्लायर्स प्राइभेट लिमिटेडले निर्माण कार्य सुरु गरेको उक्त सडक २०८३ साल असार २० गतेसम्म सम्पन्न गर्ने सम्झौता थियो। निर्धारित समयभित्र काम सम्पन्न नभएपछि म्याद थप गरी निर्माण कार्य अघि बढाइएको थियो। स्थानीय शिवनारायण महतो, जितेन्द्र यादव र दुर्गानन्द महतोका अनुसार सडक कालोपत्रे गर्दा आवश्यक आकारको गिट्टी प्रयोग नगरिएको, डस्टसमेत नराखिएको र कालोपत्रे उप्किन थालेको छ। सम्झौताअनुसार काम नभएको भन्दै निर्माण कार्य अवरुद्ध

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तर ता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## दुःखमा नागरिकको साथ बनोस् स्थानीय सरकार

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो। नागरिकले दैनिक जीवनमा भोग्ने समस्या, आर्थिक कठिनाइ र आकस्मिक संकटमा सबैभन्दा पहिले अपेक्षा गर्ने निकाय पनि स्थानीय तह नै हो। विशेषगरी परिवारको मुख्य अभिभावक गुमाउँदा आर्थिक रूपमा कमजोर परिवारले भोग्ने पीडा सामान्य अवस्थाभन्दा निकै गहिरो हुन्छ। यस्तो समयमा स्थानीय सरकारले देखाउने संवेदनशीलता र सहयोगले राज्यप्रतिको भरोसा बढाउन सक्छ।

सिरहाको लहान नगरपालिकाका नगर प्रमुख महेश प्रसाद चौधरीले एकै दिन तीन मृतक परिवारलाई खाद्यान्नलगायतका राहत सामग्री उपलब्ध गराएको घटना मानवीय संवेदनशीलताको एउटा उदाहरण हो। लहान–२० हरिनगराका दुई परिवार र वडा नं. १५ ढोढनाकी एक परिवारलाई चामल, तेल र नुन उपलब्ध गराइएको छ। प्रत्येक परिवारलाई एक क्विन्टल चामलसहित आधारभूत खाद्य सामग्री प्रदान गरिएको यस सहयोगले शोकसँगै आर्थिक संकटको सामना गरिरहेका परिवारलाई तत्काल केही राहत दिन सक्छ।

परिवारको सदस्य गुमाउनु आफैंमा असह्य पीडा हो। त्यसमा पनि घर चलाउने मुख्य व्यक्तिको निधन हुँदा दैनिक गुजारा, बालबालिकाको पालनपोषण, शिक्षा र परम्पराअनुसार गरिने किरियाकर्मको व्यवस्थापन थप कठिन बन्न सक्छ। आर्थिक स्रोत सीमित भएका परिवारका लागि यस्ता खर्च जुटाउनु ठूलो चुनौती हुन्छ। यस्तो अवस्थामा खाद्यान्न सहयोगले केही दिनको आवश्यकता पूरा गर्न मद्दत गर्छ र शोकमा रहेका परिवारलाई आफूहरू एक्लो छैनन् भन्ने अनुभूति दिलाउन सक्छ।

तर यस घटनाको महत्व राहत सामग्री वितरणमा मात्र सीमित हुनु हुँदैन। यसले स्थानीय सरकारको सामाजिक उत्तरदायित्व कस्तो हुनुपर्छ भन्ने विषयमा पनि ध्यानाकर्षण गराउँछ। जनप्रतिनिधिको जिम्मेवारी सडक, भवन र भौतिक पूर्वाधार निर्माणमा मात्र सीमित हुँदैन। नागरिकको दुःख बुझ्ने, समस्यामा परेका परिवारसम्म पुग्ने र आवश्यकताअनुसार सहयोगको व्यवस्था गर्ने काम पनि सुशासनकै महत्वपूर्ण हिस्सा हो।

यद्यपि मानवीय सहयोगलाई व्यक्तिको सद्भाव वा जनप्रतिनिधिको व्यक्तिगत पहलमा मात्र निर्भर बनाउनु दीर्घकालीन समाधान होइन। कुनै परिवारले राहत पाउने वा नपाउने कुरा जनप्रतिनिधिसम्म सूचना पुग्यो कि पुगेन भन्नेमा निर्भर हुनु हुँदैन। स्थानीय तहले आर्थिक रूपमा विपन्न, अभिभावक गुमाएका बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा आकस्मिक संकटमा परेका परिवारको अवस्था पहिचान गर्ने व्यवस्थित प्रणाली विकास गर्नुपर्छ। वडास्तरबाट प्राप्त सूचनाका आधारमा आवश्यकतामा परेका परिवारसम्म समयमै सहयोग पुऱ्याउने व्यवस्था प्रभावकारी बनाउन सकिन्छ।

त्यसका लागि राहत वितरणका स्पष्ट मापदण्ड, पारदर्शी अभिलेख र नियमित अनुगमन आवश्यक छन्। वास्तविक रूपमा सहयोग आवश्यक भएका परिवार छुट्न नदिन सामाजिक परिचालक, वडा कार्यालय र सम्बन्धित शाखाबीच समन्वय हुनुपर्छ। तत्काल खाद्यान्न सहयोगसँगै आवश्यकताअनुसार सामाजिक सुरक्षा, बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा तथा अन्य उपलब्ध सरकारी सुविधासँग परिवारलाई जोड्ने व्यवस्था पनि गरिनुपर्छ।

मृतकका परिवारलाई राहत दिनु मानवीय पक्ष हो भने उनीहरूलाई दीर्घकालीन आर्थिक असुरक्षाबाट जोगाउनु सामाजिक न्यायको विषय हो। घरको मुख्य आम्दानी गर्ने व्यक्तिको निधनपछि आश्रित परिवारलाई आयआर्जन, सीप विकास र उपलब्ध सामाजिक सहायता कार्यक्रमसँग जोड्न सकिए सहयोगको प्रभाव अझ दिगो हुन सक्छ। विशेषगरी साना बालबालिका भएका परिवारको अवस्था पहिचान गरी उनीहरूको शिक्षा र संरक्षणमा ध्यान दिनु आवश्यक छ।

लहान नगरपालिकाको यो पहलले स्थानीय सरकार नागरिकको सुखमा मात्र होइन, दुःखमा पनि साथमा उभिनुपर्ने सन्देश दिएको छ। तर यस्ता प्रयासलाई संस्थागत नीति र नियमित सेवामा रूपान्तरण गर्न सके मात्र यसको वास्तविक प्रभाव विस्तार हुन्छ। राहत वितरणको समाचारले केही समय चर्चा पाउनु भन्दा पनि आवश्यकतामा परेका नागरिकले सहज रूपमा सहायता पाउने प्रणाली निर्माण हुनु महत्वपूर्ण हो।

स्थानीय सरकारको सफलता बजेट खर्च वा निर्माण भएका संरचनाको संख्याले मात्र मापन हुँदैन। संकटमा परेका नागरिकले कति सहज रूपमा सहयोग पाए, कमजोर परिवारको जीवनमा कस्तो परिवर्तन आयो र सार्वजनिक सेवा कति समावेशी बन्यो भन्ने आधारमा पनि मूल्यांकन हुनुपर्छ। दुःखको समयमा नागरिकको ढोकासम्म पुग्ने संवेदनशीलता र आवश्यकताका बेला साथ दिने संस्थागत व्यवस्था दुवै आवश्यक छन्।

त्यसैले लहानमा देखिएको मानवीय पहललाई सकारात्मक सुरुआतका रूपमा लिँदै नगरपालिकाले विपन्न तथा संकटग्रस्त परिवारका लागि व्यवस्थित सहायता प्रणाली विकास गर्नुपर्छ। नागरिकले दुःखमा राज्य खोज्दा ढोका ढकढक्याइरहन नपरोस्। स्थानीय सरकारको वास्तविक अर्थ त्यतिबेला स्थापित हुन्छ, जब नागरिकले संकटको घडीमा आफ्नो सरकारलाई नजिक, संवेदनशील र भरोसायोग्य पाउँछन्।

# विधि, पद्धति र प्रक्रियाबिनाको परिणाम



ललित बूढामगर

विधि, पद्धति र प्रक्रियाबिनाको परिणाम कानुनी राज्यमा स्वीकार हुन सक्दैन। सामान्यतया विश्वका अधिकांश लोकतान्त्रिक मुलुकहरूले विधि र पद्धतिमा आधारित परिणामको अपेक्षा गरेका हुन्छन्। त्यस्ता राज्यका अङ्गहरू निश्चित प्रणालीमा क्रमबद्ध तरिकाले काम गरिरहेका हुन्छन् र विधि पद्धतिको पालनापछि निस्कने नतिजालाई नै सर्वस्वीकार्य परिणामका रूपमा लिइन्छ।

विधि र पद्धतिबिना जतिसुकै राम्रो कामको थालनी भए पनि त्यसलाई कानुनी राज्यमा वैध मानिँदैन। प्रजातान्त्रिक शासन व्यवस्था, सुशासन र विधिको शासनको एक अत्यन्तै महत्वपूर्ण र सर्वमान्य सिद्धान्त नै विधि, पद्धति र प्रक्रिया हो। यसले मूलतः प्रक्रियागत न्याय लाई जोड दिन्छ। कानुनी राज्यमा के पाइयो (परिणाम) मात्र होइन, 'कसरी पाइयो' (प्रक्रिया) भन्ने कुरा पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

गलत बाटो अपनाएर प्राप्त गरिएको सही परिणाम पनि कानुनी र नैतिकरूपमा स्वीकार्य हुँदैन। त्यसैले विधि, पद्धति र निश्चित प्रक्रियाबिनाको परिणाम प्राप्त हुनु एक संयोग मात्र हो जसलाई उपलब्धि मान्न सकिँदैन। त्यसले कुनै पक्षलाई न्याय दिनुको सट्टा कानुनी राज्यको अवमूल्यन गर्छ।

विधि, पद्धति र प्रक्रिया सुन्दा उस्तै लागे पनि यिनमा केही भिन्नता पक्कै छ तर यी एकअर्कासँग अन्तरसम्बन्धित छन्।

- विधिले सामान्यतया कुनै पनि काम गर्ने तरिका वा नियमको उल्लेख गर्छ।
- पद्धतिले काम गर्ने समग्र ढाँचा वा प्रणालीलाई निर्देश गर्छ।
- प्रक्रियाले काम गर्दा पालना गर्नुपर्ने क्रमबद्ध चरणहरूको व्यवस्था गर्छ।

नेपालले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्था अवलम्बन गरेको छ। यहाँ लिखित संविधानलाई सर्वोच्च कानुन मानेर बाँकी कानुन, नीति, नियम, कार्यविधि तथा निर्देशिकाहरू बनाइन्छ। संविधानले राज्यका अङ्गहरूको काम, कर्तव्य र अधिकार क्षेत्रजस्ता आधारभूत विषयहरूको व्यवस्था गरेको हुन्छ। सोही व्यवस्थालाई आधार मानी संसद्ले अधिकारहरूको व्यवस्थासँगै तिनलाई कार्यान्वयनमा लैजान निश्चित विधि, पद्धति, कार्यविधि, नीति, नियम र निर्देशिका बनाउँछ।

कानुनमा नागरिकका हक अधिकार सुनिश्चित गर्न सारवान् कानुन (Substantive Law) र गुमेका हक अधिकारको उपचार प्रदान गर्न कार्यविधि कानुन (Procedural Law) को व्यवस्था गरिएको हुन्छ। कानुनी सिद्धान्तअनुसार लिखित विधि र पद्धति अवलम्बन नगरी गुमेका हक अधिकार पुनःस्थापित गर्न सकिँदैन।

साथसाथै, कानुनी राज्यमा सम्पूर्ण नागरिकलाई समान नजरले हेरिन्छ। जस्तोसुकै गम्भीर अपराधको आरोप लागे पनि अभियुक्त/पीडकलाई समेत सीमित हक अधिकारहरू प्रदान गरिएको हुन्छ। जस्तै स्वच्छ तथा निष्पक्ष सुनुवाइको हक, मौन रहने (चुप बस्ने) हक, र आफूविरुद्धको कसुरमा निर्दोषिता प्रमाणित गर्ने अवसर। त्यसैगरी पीडित पक्षलाई पनि गुमेका हकअधिकार पुनःस्थापनाका लागि उपचार र क्षतिपूर्तिसहितको अधिकार हुन्छ।

कुनै व्यक्ति दोषी ठहर हुने अवस्था आएमा पनि त्यसको आफ्नै विधि र पद्धति हुन्छ। मुद्दाको प्रारम्भिक चरणदेखि अन्तिम फैसला कार्यान्वयनसम्म निश्चित विधि, पद्धति र प्रक्रिया अपनाउनुपर्छ। आरोपी वा दोषी भन्दैमा कानुनमा उल्लेख गरिएका विधि र पद्धतिभन्दा बाहिर गएर व्यवहार गर्ने छुट राज्यका कुनै पनि निकायलाई हुँदैन। लोकतान्त्रिक राज्यव्यवस्थामा सबै नागरिक समान हुन् भन्ने मूल मान्यता रहन्छ। यसै अवधारणालाई मूर्तरूप दिन र कानुनमा एकरूपता ल्याउन हरेक व्यक्तिलाई समान रूपमा हक–अधिकारको व्यवस्था गरिएको हुन्छ।

नागरिकले आफ्ना गुमेका हक अधिकारको उपचार खोज्दा पूर्वनिर्धारित र सबैलाई समान रूपमा लागु हुने विधि पद्धति नै अवलम्बन गर्छन्। न्याय प्राप्तिको प्रक्रिया यसरी नै अघि बढ्छ। कानुनी राज्यमा परिणामभन्दा पहिले प्रक्रियालाई महत्व दिइन्छ र त्यसपछि मात्र परिणामको अपेक्षा गरिन्छ। सही प्रक्रियापछि मात्र उत्कृष्ट परिणाम निस्कन्छ र नागरिकका हक अधिकार सुनिश्चित गर्न सकिन्छ भन्ने मानिन्छ।

साथै, सरकारका काम कारबाही विधि र पद्धतिअनुसार भएमा मात्र जनतामा सरकारप्रति विश्वास जाग्छ। त्यसैले यस्ता विधि, पद्धति र प्रक्रियाहरूलाई अवलम्बन गर्दै नागरिकलाई संवैधानिक उपचार प्रदान गर्न राज्यका हरेक निकायले आफ्ना क्षेत्राधिकारभित्र रहेर मात्र काम गर्नुपर्छ। यसरी नै लोकतान्त्रिक राज्यव्यवस्थालाई सुदृढ बनाउन सकिन्छ।

हाल नेपालमा करिब दुई तिहाइ बहुमतको सरकार छ। सरकारबाट नागरिकले असाधारण अपेक्षा राखेका छन्। नागरिकले परिणामका साथै राज्यव्यवस्थाको सही सञ्चालनको आशा गरेका छन्। तर, वर्तमान सरकारले छिटो छरितो परिणाम दिने निहुँमा विधि, पद्धति, प्रक्रिया, कार्यविधि र कानुनी सिद्धान्तलाई उपेक्षा गरिरहेको छ कि भन्ने भान परेको छ।

लोकतान्त्रिक राज्य व्यवस्थामा कानुन निर्माण गर्ने (व्यवस्थापिका), कार्यान्वयन गर्ने (कार्यपालिका) र व्याख्या गर्ने (न्यायपालिका) छुट्टाछुट्टै निकायहरू हुन्छन्। नेपालमा पनि सोही शक्ति पृथकीकरणको व्यवस्था छ। सरकारले नागरिकका हक अधिकार सुनिश्चित गर्न आवश्यक कानुनहरू निर्माण गरी कार्यान्वयनका लागि नीति, नियम, निर्देशिका र कार्यविधिहरू बनाउँछ। ती नीति नियमहरूले निश्चित विधि, पद्धति र प्रक्रिया तोकेका हुन्छन् र ती समानरूपले लागू हुनुपर्छ।

तर, पछिल्लो समय सरकार गठन भएदेखिका विभिन्न घटनाक्रम हेर्दा विधि पद्धतिभन्दा पनि 'छिटो परिणाम' दिने हुटहुटीले कानुनी राज्यको धज्जी उडाउने हो कि भन्ने डर पैदा भएको छ। सरकारले सुशासनलाई पहिलो प्राथमिकतामा राखेको बताए पनि आफ्ना योजनाहरू अगाडि बढाउँदा विधि पद्धतिभन्दा अङ्कगणितीय शक्ति (बहुमत) लाई प्राथमिकता दिएको देखिन्छ। यस्ता क्रियाकलापले लोकतान्त्रिक राज्यव्यवस्थालाई कमजोर बनाउने र शासनलाई स्वेच्छाचारीतातर्फ लैजाने खतराबारे बहस सुरु भएको छ। सरकारले सुशासनका नाममा चालेका कतिपय कदमहरू अपरिपक्व ठहरिँदै आएका छन्।

सामान्यतया कार्यपालिका वा व्यवस्थापिकाका स्वेच्छाचारी कदमहरूको पुनरावलोकन गर्ने काम न्यायालयको हो। सरकारले अधिकार प्रयोग गर्दा गलत वा स्वेच्छाचारी ढङ्गले गरेमा न्यायालयले उपयुक्त आदेश जारी गरी त्यस्ता निर्णयहरू बदर गराउँदै आएको छ।

राज्यका प्रमुख अङ्गहरूका केही यस्ता अधिकार हुन्छन्, जहाँ उनीहरूले स्वतन्त्र रूपमा काम गर्न पाउँछन् र समान तहको अर्को अङ्गले हस्तक्षेप गर्दैन। जस्तै: कार्यपालिकाको शुद्ध नीतिगत निर्णयमा वा संसद्भित्रको संसदीय प्रक्रियामा अदालतले सामान्यतया हस्तक्षेप गर्दैन। कुनै कानुन संविधानविपरीत छ भनेर प्रश्न नउठाइएसम्म संसद्ले बनाएको कानुन संविधानसम्मत नै छ भन्ने अनुमान गरिन्छ। कानुन प्रस्ट भएको अवस्थामा व्यवस्थापिकाको मनसायविपरीत हुने गरी व्याख्या गरिनु हुँदैन भन्ने मान्यता छ। त्यसैगरी, अदालतमा विचाराधीन रहेका विषयमा कार्यपालिका वा व्यवस्थापिकाले कुनै औपचारिक धारणा राख्न वा सार्वजनिक बहस चलाउन पाउँदैनन्।

यसरी राज्यका तीनै अङ्गका आआफ्ना क्षेत्राधिकार छन्। केही अपवादबाहेक, न्यायपालिकालाई कानुनको अन्तिम व्याख्या गर्ने र कार्यपालिका तथा व्यवस्थापिकाका काम कारबाहीको न्यायिक पुनरावलोकन (Judicial Review) गर्ने अधिकार रहन्छ।

पछिल्लो समय भने कार्यपालिकाका क्रियाकलापहरूमा विधि र पद्धतिको पालना गरेर परिणाम ल्याउनुभन्दा विधि पद्धति पन्छाएर छिटो परिणाम निकाल्ने प्रयत्न गरिएको देखिन्छ। स्पष्ट आधार र प्रमाणबिना, आरोप लाग्नेबित्तिकै निजी क्षेत्रका व्यवसायी, पूर्वउच्चपदस्थ अधिकारी वा विभिन्न राजनीतिक दलका नेताहरूलाई नियन्त्रणमा लिने र पक्राउ गरेरमात्र अनुसन्धान थाल्ने अभ्यास बढेको छ। यसरी नियन्त्रणमा लिँदा स्पष्ट कानुनी वस्तुगत आधारबिना पक्राउ गरियो भन्ने गुनासा आएका छन्। पछिल्लो पटकको एक घटनामा त सर्वोच्च अदालतको पूर्ण बैठक (गर्मी ऋयगचत) ले नै सरकारको शैली र विधि पद्धतिमाथि गम्भीर प्रश्न उठाएको छ।

अपराधिक त्रियाकलापमा संलग्नता पुष्टि भइसकेको व्यक्तिलाई सजाय निर्धारण गर्दा समेत धेरै आधारहरू हेरिनुपर्छ। अन्य विकल्प उपलब्ध भएसम्म जेल पठाउने कार्यलाई अन्तिम उपाय (Exception) मान्नुपर्छ भन्ने फौजदारी न्यायको सिद्धान्त छ। त्यसैले भनिन्छ – थुनामुक्त भई पुर्पक्ष गर्नु नियम हो भने थुनामा राख्नु अपवाद हो (Bail is the rule, jail is the exception)।

तर, वर्तमान सरकार भने आरोप लाग्नेबित्तिकै 'पहिले पक्राउ, अनि अनुसन्धान' भन्ने मानसिकताबाट ग्रसित देखिन्छ। अपराध अनुसन्धानका क्रममा कसुरको गम्भीरता र परिस्थिति हेरेर व्यक्तिलाई यथाशीघ्र पक्राउ गर्नुपर्ने वा पक्राउ नगरी बाहिरै राखेर अनुसन्धान गर्न सकिने आधारहरू कानुनले स्पष्ट पारेको छ। पक्राउ नगरी अनुसन्धान गर्न नमिल्ने होइन। तर, विधि पद्धति नपुऱ्याई आरोप लाग्नेबित्तिकै शक्तिको दुरुपयोग गरेर पक्राउ गर्नु र पक्राउ पर्नुलाई नै 'सजाय'का रूपमा प्रस्तुत गर्नु विधिको शासनलाई कमजोर पार्ने कार्य हो।

लोकतान्त्रिक राज्यव्यवस्थामा व्यक्तिको व्यक्तिगत स्वतन्त्रता (Liberty) नै सर्वोपरि हुन्छ। पर्याप्त आधार र प्रमाणबिना राज्यले कुनै पनि नागरिकलाई एक पल पनि नियन्त्रणमा राख्न पाउँदैन। नियन्त्रणमा लिनै परे पनि थुनामुक्त भई पुर्पक्ष गर्नु नियम हो भने थुनामा राख्नु अपवाद हो भन्ने सिद्धान्त पालना गरिनुपर्छ।

व्यक्ति पक्राउ पर्दा उसको सामाजिक प्रतिष्ठा नष्ट हुन्छ र समाजको दृष्टिकोण बदलिन्छ। त्यस्तो व्यक्तिपछि अदालतबाट निर्दोष प्रमाणित भए पनि हाम्रो जस्तो समाजमा गुमेको सम्मान फिर्ता हुन गाह्रो हुन्छ। त्यसैले सरकार यस्ता संवेदनशील विषयमा गम्भीर हुनुपर्छ।

कुनै व्यक्तिलाई पक्राउ नै गर्नुपर्ने वस्तुगत कारण छ भने पनि कानुनले तोकेको विधि, पद्धति र प्रक्रियाको पूर्ण पालना गरिनुपर्छ तबमात्र

–बाँकी तीन पेजमा

### विधि, पद्धति ....

व्यक्तिले नभई कानुनले शासन गरेको मान्न सकिन्छ। सरकारले विधि र प्रक्रियालाई पन्छाएर अङ्कगणितीय बलका आधारमा स्वेच्छाचारी शासन गर्न थाल्यो भने अन्ततः सरकारको पतनसँगै समग्र लोकतान्त्रिक व्यवस्थामाथि नै ठूलो सङ्कट आउने निश्चित छ। बाह्रखरीबाट

### गोलबजारमा निःशुल्क ...

नसकिरहेको अवस्थामा निःशुल्क स्वास्थ्य शिविरबाट राहत मिलेको बताइन्। शिविरमा स्वास्थ्य परीक्षण गराउनुका साथै औषधिसमेत पाउँदा आफूलाई सहज भएको उनले सुनाइन्। 'पैसा नभएर उपचार गराउन सकिरहेकी थिइनँ। अब औषधि खाएर भए पनि केही राहत मिल्ने आशा छ। यस्ता शिविर समय–समयमा सञ्चालन भए हामीजस्ता गरिब परिवारलाई ठूलो राहत मिल्नेछ', उनले भनिन्।

अर्की स्थानीय जितनी पासमानले पनि आर्थिक अभावका कारण तीन वर्षदेखि छाती र खुट्टा दुख्ने समस्याको उपचार गराउन नसकेको बताइन्। शिविरमा निःशुल्क स्वास्थ्य सेवा लिन पाउँदा केही राहत महसुस गरेको उनले सुनाइन्। 'आफ्नो कोही छैन, कसले पैसा दिन्छ? कसरी उपचार गराउनु? खानसमेत मागेर खानुपर्छ', उनले दुःखेसो पोखिन्।

स्वास्थ्यकर्मी ध्रुव पासवानका अनुसार शिविरमा ढाड दुख्ने, कम्मर दुख्ने तथा अन्य स्वास्थ्य समस्या भएका बिरामीको परीक्षण र उपचार गरिएको थियो। बालबालिकासहित विभिन्न उमेर समूहका नागरिकलाई आवश्यक स्वास्थ्य परामर्श प्रदान गर्नुका साथै निःशुल्क औषधिसमेत वितरण गरिएको उनले जानकारी दिए।

गोलबजार नगरपालिका–२ का वडाध्यक्ष सुकदेव सिंहले गरिब, अति विपन्न तथा दलित समुदायका नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर आयोजना गरिएको बताए। 'हाम्रो मुख्य उद्देश्य गरिब, अति विपन्न तथा दलित परिवारलाई स्वास्थ्य सेवामार्फत राहत पुऱ्याउनु हो। वडा कार्यालयले प्रत्येक वर्ष जनताका लागि केही न केही स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ। जनताको पैसा जनताकै सेवामा खर्च गर्ने उद्देश्यले यो शिविर आयोजना गरिएको हो', वडाध्यक्ष सिंहले भने।

शिविरमा हाडजोर्नी विशेषज्ञ डा. विनोद सिंह, डा. आनन्द साहलगायतका चिकित्सक तथा स्वास्थ्यकर्मीले सेवा प्रदान गरेका थिए। आर्थिक अभावका कारण सामान्य स्वास्थ्य परीक्षणसमेत गराउन नसक्ने नागरिकका लागि स्थानीयस्तरमै सञ्चालन गरिने यस्ता निःशुल्क स्वास्थ्य शिविर उपयोगी हुने देखिन्छ। स्वास्थ्य सेवामा पहुँच कमजोर भएका समुदायलाई लक्षित गरी यस्ता कार्यक्रमलाई निरन्तरता दिन सके विपन्न तथा दलित परिवारलाई उपचारमा सहजता पुग्ने अपेक्षा गरिएको छ।

### गुणस्तरहीन सडक...

गर्नुपरेको उनीहरूले बताएका छन्।

निर्माण कार्य अवरुद्ध भएको स्थलमा लहान नगरपालिकाका उपप्रमुख रामचलितर महतो, प्रमुख प्रशासकीय अधिकृत दुर्गाप्रसाद भुर्तेल र प्राविधिक टोलीले अनुगमन गरेको छ। अनुगमनका क्रममा गुणस्तरहीन काम भएको स्थानमा सम्झौताअनुसार आवश्यक सुधार गर्न निर्माण कम्पनीलाई निर्देशन दिइएको छ।

निर्धारित समयमा सडक निर्माण सम्पन्न नभएको र म्याद थपिएपछि पनि गुणस्तरीय काम नभएको भन्दै स्थानीयवासीले निर्माण कार्य रोक्नु उचित भएको स्थानीय बुद्धिजीवी शिवकुमार साहले बताउनुभयो। उहाँले गुणस्तर कायम गरेर निर्माण कार्य अघि बढाउनुपर्ने स्थानीयको माग रहेको उल्लेख गर्नुभयो।

लहान नगरपालिका–२ मा यसअघि नाला तथा सडक निर्माणका क्रममा पनि अनियमितता भएको आरोप लाग्दै आएको उल्लेख गर्दै स्थानीयवासीले विकास निर्माणका काममा नागरिक सचेत हुनुपर्ने बताएका छन्। सार्वजनिक निर्माणमा हुने कमीकमजोरी टुलुटुलु हेरेर बस्न नसकिने उनीहरूको भनाइ छ।

### गोलबजार स्वास्थ्य...

शाखामार्फत आयोजित कार्यक्रममा गोलबजार नगरपालिका ६ का वडा अध्यक्ष सञ्जित लामा, कुमारी बैंकका मधेश प्रदेश प्रमुख सुरेश यादव, शाखा प्रबन्धक प्रदीप कुमार शाह लगायतका कर्मचारीहरु तथा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूको उपस्थिति थियो।

कार्यक्रममा स्वास्थ्य चौकीलाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्दै बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याएको जनाइएको छ। गोलबजार स्वास्थ्य चौकीका प्रमुख सत्यनारायण यादवले सहयोगप्रति आभार व्यक्त गर्दै स्वास्थ्य चौकीका तर्फबाट कुमारी बैंकलाई मायाको चिनो तथा प्रशंसापत्र प्रदान गरिएको थियो।

# केवाईसी अपडेटको बहानामा ४९ लाख ठगी, तीन जनाविरुद्ध मुद्दा



रौतहट, २७ असोज। बैंक तथा डिजिटल वालेटका कर्मचारी बनेर केवाईसी अपडेट गर्ने बहानामा ४९ लाख ८७ हजार रुपैयाँ ठगी गरेको आरोपमा दुई भारतीयसहित तीन जनाविरुद्ध प्रहरीले मुद्दा दर्ता गरेको छ।

फोन तथा भिडियो कलमार्फत सेवाग्राहीलाई मोबाइलको स्क्रिन सेयर गर्न लगाई ओटीपी र बैंकिङ विवरण चोरेर खाताबाट रकम स्थानान्तरण गरेको आरोपमा प्रहरीले उनीहरूलाई गत शुक्रबार पक्राउ गरेको थियो। उनीहरूविरुद्ध मंगलबार ठगी तथा संगठित अपराधसम्बन्धी कसुरमा मुद्दा दर्ता गरिएको हो।

पक्राउ पर्नेमा गौर नगरपालिका–३ स्थित पोखरिया टोलमा डेरा गरी बस्ने भारतको बिहार राज्य, सीतामढी जिल्लाको बैरगनियाका २४ वर्षीय मोहम्मद साहिल र २२ वर्षीया सलोनी कुमारी सोनी तथा गौर नगरपालिका–५ का १८ वर्षीय नितेश कुशवाहा रहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी वसन्त गौतमले जानकारी दिए। 'उनीहरूविरुद्ध ठगी तथा संगठित अपराधसम्बन्धी कसुरमा मुद्दा दर्ता भई अनुसन्धान भइरहेको छ,' उनले भने, 'अनलाइन ठगीमा अरू धेरै मानिस संलग्न हुन सक्छन्। हामीले खोजी गरिरहेका छौं।'

प्रहरीका अनुसार पक्राउ परेकाहरूको साथबाट १ लाख ६२ हजार २१० रुपैयाँ र ३ हजार २३६ भारतीय रुपैयाँ बरामद भएको छ। प्रहरीले सात थान मोबाइल, ११ थान सिमकार्ड, विभिन्न बैंक तथा वित्तीय संस्थाका ३० थान डिपोजिट भौचर, तीन थान एटीएम कार्ड र दुई थान चेक बरामद गरेको जनाएको छ।

त्यस्तै, प्रभु बैंकको १६ हजार रुपैयाँ उल्लेख भएको एक थान चेक, ग्लोबल आईएमई बैंकको २० लाख रुपैयाँको एक थान चेक, चेकबुक, डायरी, कपी, पेनड्राइभ, मेमोरी कार्ड र बैंकिङ विवरण लेखिएका पर्चालगायत सामग्री पनि बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेकाहरूले विभिन्न बहानामा ४९ लाख ८७ हजार ३३३ रुपैयाँ ठगी गरेको अनुसन्धानबाट खुलेको छ। पछिल्लो समय डिजिटल बैंकिङ सेवाको बढ्दो प्रयोगसँगै सर्वसाधारणलाई प्रलोभन र डर देखाएर ठगी गर्ने गिरोह सक्रिय हुन थालेको डीएसपी गौतमले बताए।

पक्राउ परेकाहरूले सेवाग्राहीलाई फोन तथा भिडियो कल गरी आफूहरू सम्बन्धित बैंक वा इसेवाका आधिकारिक कर्मचारी भएको विश्वास दिलाउँथे। त्यसपछि केवाईसी अपडेट गर्ने वा खाता रोक्का फुकुवा गर्ने बहानामा सेवाग्राहीलाई मोबाइलको स्क्रिन सेयर गर्न लगाउँथे।

स्क्रिन सेयर भएको मौका छोपेर उनीहरूले मोबाइलमा आउने ओटीपी र अन्य संवेदनशील बैंकिङ विवरण चोर्थे। यसरी अनधिकृत रूपमा प्राप्त विवरण प्रयोग गरी पीडितको बैंक तथा वालेट खाताबाट रकम अन्यत्र स्थानान्तरण गरेर उनीहरूले ठगी गर्दै आएको प्रहरीले जनाएको छ।

# भोटेकोशी बाढीमा बेपत्ता भएका नागरिकको मृत्यु प्रमाणपत्र जारी गर्ने तयारी

काठमाडौं, २७ असोज। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले भोटेकोशी बाढीमा बेपत्ता भएका नागरिकको मृत्यु प्रमाणपत्र जारी गर्ने तयारी गरिएको जनाएको छ।

मंगलबार सिंहदरबारमा बसेको भोटेकोशी एवम् कालीगण्डकी कोरिडोर विपद् सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको बैठकमा प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले बाढीमा बेपत्ता भएकाको सन्दर्भमा 'मृत्यु' वा 'मृत्युसरह' मान्ने गरी ऐनमा संशोधन भइसकेको जानकारी दिए। स्वदेशी र विदेशी नागरिकको मृत्यु प्रमाणपत्र जारी गर्ने तयारीमा सरकार लागेको र यसको प्रक्रिया अन्तिम चरणमा पुगेको उनले बताए।

डीएनए परीक्षणको नतिजा आउनेबित्तिकै प्रमाणीकरणको प्रक्रिया अझ सजिलो हुने र त्यो पनि अन्तिम चरणमा पुगेको उनको भनाइ छ। उनले अहिले पनि राहत र उद्धारको सन्दर्भमा कामहरू भइरहेको र बाँकी अन्य कामका सन्दर्भमा निरन्तर काम जारी राखिएको उल्लेख गरे। पुनर्निर्माणको ट्रान्जिस्टल सेटरहरू बनाउने र त्यसलाई छिटोभन्दा छिटो अगाडि बढाउने कामको जिम्मेवारी पूर्वाधार मन्त्रालयले लिएर काम गरिरहेको उहाको भनाइ छ। मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत जिल्लामा मनसुनको अन्तिममा आएको बाढीले गरेको सडकको क्षति र अन्य भौतिक संरचनाको क्षतिको लागि 'सङ्कटग्रस्त क्षेत्र' घोषणा गरेर काम थालिसकिएको उनले बताए।

बैठकमा पूर्वाधार विकास मन्त्रालयका सचिव पद्म कुमार मैनालीले पुनर्निर्माणअन्तर्गत हाल ट्रान्जिस्टेन्टल सेटरका लागि भूमि व्यवस्था मन्त्रालयमार्फत ३०० वटा स्थानमा जग्गाहरू पहिचान गरिएको जानकारी दिए। दसैं अगाडि नै १०० वटा जति उच्च गुणस्तरका टेन्टहरू ट्रान्जिस्टेन्टल सेटरको रूपमा स्थापना गर्ने लक्ष्य राखिएको उनको भनाइ छ। उनले लाभग्राही छनोट स्थानीय तहले गर्ने भएकाले अझै समन्वय हुन बाँकी रहेको रहेको बताए।

भोटेकोशी एवम् कालीगण्डकी कोरिडोर विपद् सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका सभापति कृष्ण प्रसाद पौडेलले तथ्य र तथ्याङ्क आधारमा प्रतिवेदन तयार गरेर राष्ट्रियसभा बैठकमा पेस गरिने जानकारी दिए।

# यो वर्ष नेपालको आर्थिक वृद्धि ३.७ प्रतिशत हुने आईएमएफ प्रक्षेपण

काठमाडौं, २७ असोज। अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले पनि चालु आर्थिक वर्ष नेपालको आर्थिक वृद्धि ३.७ प्रतिशत हुने प्रक्षेपण गरेको छ। त्यस्तै गत आव २०८२/८३ (सन् २०२७) मा नेपालको आर्थिक वृद्धिदर ३.६ प्रतिशतमा सीमित भएको प्रक्षेपण पनि आईएमएफले गरेको छ।

आईएमएफले मंगलबार सार्वजनिक गरेको उसको फ्ल्यागसिप प्रकाशन 'वर्ल्ड इकोनोमिक आउटलुक' (डब्लूईओ) को अक्टोबर संस्करणले यस्तो प्रक्षेपण गरेको हो। यसअघि गत अप्रिलमा आईएमएफले २०२७ मा ४.६ प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको थियो। ६ महिनापछि उसले आर्थिक वृद्धि प्रक्षेपण शून्य दशमलव ९ प्रतिशत विन्दुले घटाएको हो।

आईएमएफले गत आव २०२६ को प्रक्षेपण भने गत अप्रिलको तुलनामा बढाएको छ। गत अप्रिलमा आईएमएफले २०२६ मा ३ प्रतिशत मात्रै आर्थिक वृद्धि हुने प्रक्षेपण सार्वजनिक गरेको थियो। नेपाल सरकारले चालु आव ७ प्रतिशत आर्थिक वृद्धि गर्ने लक्ष्य लिएको छ। तर आईएमएफ मात्रै होइन, केही दिनअघि विश्व बैंकले पनि ३.७ प्रतिशत नै आर्थिक वृद्धि हुने प्रक्षेपण सार्वजनिक गरेको थियो।

१० भदौमा आएको रसुवा बाढीका कारण चालु आवको आर्थिक वृद्धिदर घट्ने विश्व बैंकले अनुमान गरेको थियो। विश्व बैंकको 'नेपाल डेभलपमेन्ट अपडेट' का अनुसार पुनर्निर्माण तथा पुनर्स्थापनाका गतिविधि सुरु हुँदा आर्थिक क्रियाकलापमा टेवा पुग्ने भएकाले २०८४/८५ मा चाहिँ आर्थिक वृद्धिदर ५.२ प्रतिशत उक्लिन सक्ने छ।

आईएमएफले चालु आव २०२७ मा मूल्यवृद्धि भने ५.८ प्रतिशत हुने अनुमान गरेको छ। गत आव २०२६ मा मूल्यवृद्धि दर ३.१ प्रतिशत मात्रै भएको आईएमएफ प्रक्षेपण छ। नेपाल राष्ट्र बैंकले पनि गत आव ३.०८ प्रतिशत मूल्यवृद्धि भएको जनाएको छ।

**२०२६ मा विश्व आर्थिक वृद्धि ३.१ प्रतिशत हुने प्रक्षेपण**

आईएमएफको वर्ल्ड इकोनोमिक आउटलुकले पश्चिम एसियाको युद्ध र व्यापारिक तनावबीच विश्व अर्थतन्त्र उत्थानशील देखिएको विश्लेषण गरेको छ। यद्यपि, उच्च ऋण र इन्धन मूल्यवृद्धिका कारण विश्वमा जोखिम कायमै रहेको पनि प्रतिवेदनले जनाएको छ। २०२६ को पहिलो अर्धवार्षिक अवधिमा विश्वव्यापी आर्थिक गतिविधि अपेक्षाभन्दा राम्रो रहेको प्रतिवेदनले जनाएको छ। २०२६ मा विश्व आर्थिक वृद्धिदर ३.१ प्रतिशत रहने अनुमान आईएमएफको छ।

त्यस्तै २०२७ मा विश्व आर्थिक वृद्धिदर बढेर ३.४ प्रतिशत पुग्ने प्रक्षेपण पनि आईएमएफको छ। आर्टिफिसियल इन्टिलिजेन्स (एआई) मा भएको उच्च लगानी र प्रविधि चक्रले विश्वव्यापी मागलाई बढावा दिएको प्रतिवेदनले उल्लेख गरेको छ। 'तर, भूराजनीतिक तनाव र प्रविधिको संयुक्त प्रभावले विश्व अर्थतन्त्रलाई स्पष्ट दुई भागमा विभाजन गरेको छ, प्रविधि निर्यात गर्ने तथा अनुकूल व्यापार अवस्था भएका देशहरूले राहत पाइरहेका छन् भने ऊर्जा आयातमा निर्भर देशहरूले उच्च आयात खर्च र कमजोर मागको दबाब झेलिरहेका छन्,' प्रतिवेदनमा छ।

**मुद्रास्फीति ४.७ प्रतिशत पुग्ने, विश्व व्यापारमा सुस्तता**

२०२६ मा विश्वव्यापी कुल मुद्रास्फीति (हेडलाइन इन्फ्लेसन) बढेर ४.७ प्रतिशत पुग्ने अनुमान प्रतिवेदनको छ। खाद्यान्न र ऊर्जा मूल्यमा भएको वृद्धिका कारण मुद्रास्फीति यसअघि प्रक्षेपण गरिएभन्दा ०.७ प्रतिशत विन्दुले बढी हुने अनुमान गरिएको हो।

–बाँकी अन्तिम पेजमा

# राजविराजबाट २० हजार मूल्यका प्रतिबन्धित पटका बरामद




**धीरेन्द्रप्रसाद साह**

राजविराज, २७ असोज। दसैं, तिहार तथा छठ पर्व नजिकिँदै गर्दा सप्तरीमा पटकाजन्य पदार्थको अवैध कारोबार बढेको छ। यसैक्रममा प्रहरीले राजविराजबाट करिब २० हजार रुपियाँ मूल्य बराबरका प्रतिबन्धित पटका बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार राजविराज नगरपालिका–७ स्थित भुतनाथ मन्दिरनजिक सोमबार लुकाएर राखिएको अवस्थामा उक्त पटका बरामद गरिएको हो। प्रतिबन्धित पटका लुकाएर राखिएको सूचनाका आधारमा खानतलासी गर्दा विभिन्न प्रकारका पटका फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीले स्पेनर तीन प्याकेट, कोराएर १२ प्याकेट, ठुलो फूलझरी एक प्याकेट, ड्रोन दुई प्याकेट, सावर्स छ प्याकेट, ब्याक सर्पेन्ट्स दुई प्याकेट, रेड स्पार्कलर्स १५ प्याकेट, कुकु दुई प्याकेट र १५ सट्सका १० थान गरी कुल ४४ प्याकेट र १० थान पटका बरामद गरेको हो। बरामद गरिएका पटका जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) हेमराज घिमिरेले जानकारी दिनुभयो। बरामद पटका करिब २० हजार रुपियाँ मूल्य बराबरको रहेको उहाँले बताउनुभयो।

# सप्तरीका खोलाबाट अवैध उत्खनन् र तस्करी, पाँच टिपर–ट्र्याक्टर वनको नियन्त्रणमा



**आरएन विश्वास**

सप्तरी, २७ असोज। सप्तरीस्थित विभिन्न खोलाहरुबाट अवैधरुपमा बालुवा र गिट्टीको उत्खनन् भइरहेको खुलेको छ। जिल्लाको सप्तकोशी नगरपालिका–५ स्थित गंगाजली र अमाह खोलाबाट अवैधरुपमा बालुवा र गिट्टीको उत्खनन् भइरहेको हो।

गंगाजली खोलाबाट त नम्बर प्लेटसमेत स्पष्ट नरहेको ट्र्याक्टरबाट दिउँसै बालुवा उत्खनन् गरिरहेको पाइएको छ। संघीयतापछि नदीजन्य सामग्री उत्खनन् र निकासीको क्षेत्राधिकार स्थानीय सरकारमा सरेको छ। तर, स्थानीय सरकारसहितका सरोकारवालाकै मिलेमतोमै नदीजन्य सामग्रीको अवैध उत्खनन् र तस्करी बढेको स्थानीयको भनाई छ। 'अहिले हाम्रो नगरपालिकामा रहेको गंगाजली र अमाह खोलाको ठेक्कासमेत लागेको छैन', गंगाजलीका एक स्थानीयले भने, 'तर, रातिको समयमा दैनिक खोलाबाट बालुवा निकाल्ने काम भइरहेको छ, कहिलेकाँही त दिउँसो नै बालुवा निकाल्ने काम पनि हुँदै आएको छ।'

सप्तकोशी नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद ढकालले अहिले आफ्नो पालिकाभित्र रहेको गंगाजली र अमाहमध्ये कुनै खोलाको ठेक्का नलागेको जानकारी दिए। 'हाम्रो अघिल्लो ठेक्का असारमा सकिसकेको छ', नगरप्रमुख ढकालले भने, 'नयाँ ठेक्काकालागि आवश्यक प्रक्रिया अगाडि बढाएका छौं, जिल्ला समन्वय समितिलाई अनुगमन गरिदिन पत्राचार गरिसकेको छु।'

अहिले भईरहेको बालुवा–गिट्टीको अवैद्य उत्खनन–तस्करी किन रोक्न नसकेको सम्बन्धमा नगरप्रमुख ढकालले भने, 'नगरपालिकाले सकेजति रोक्न प्रयास गरिरहेकै छ, राजश्व जोगाउनु हाम्रो कर्तव्य नै हो, अरु सरोकारवालाको पनि यसतर्फ ध्यान पुग्नुपर्छ, हाम्रो ठेक्का लागेपछि चोरी तस्करी पनि नियन्त्रणमा आउनेछ।'

गंगाजली खोलाबाट डिभिजन वन कार्यालय मातहत रहेको सब–डिभिजन वन कार्यालय कञ्चनपुरको गस्ती टोलीले बालुवा उत्खनन् गरिरहेकै अवस्थाबाट चार वटा ट्र्याक्टरलाई शनिबार साँझ नियन्त्रणमा लिएको छ भने एउटा टिपर फत्तेपुर–कञ्चनपुर सडक खण्डबाट बालुवासहित नियत्रणमा लिएको छ।

ठेक्का नलागेको अवस्थामा पूर्णरुपमा नदीजन्य पदार्थ निकाल्न नहुने अवस्था हुँदाहुँदै खोलाबाट बालुवा उत्खनन् गरिरहेको अवस्थाबाट मधेश प्र.०१–००१त ३५८५, मधेश प्रदेश ०१–००१ त ३२२९, स १ त ६८३१ र स १ त ६७३१ नम्बरको ट्र्याक्टरलाई डिभिजन वनले नियन्त्रणमा लिएको हो। यस्तै फत्तेपुर–कञ्चनपुर सडक खण्डको धरमपुरबाट ना ५ ख ८८६० नम्बरको ट्रिपरलाई समेत अवैद्य बालुवा लोड गरेर जाँदै गरेको अवस्थाबाट नियन्त्रणमा लिएको डिभिजन वन कार्यालय सप्तरीका प्रमुख मनोज ठाकुरले जानकारी दिए।

नियन्त्रणमा लिएका ४ वटा ट्र्याक्टर र एउटा टिपरलाई हाल अनुसन्धानकालागि सब–डिभिजन वन कार्यालय कञ्चनपुरमा राखिएको संलग्न व्यक्ति तथा सवारीसाधनमाथि प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया सुरु गरिएको डिभिजन वन प्रमुख ठाकुरले जानकारी दिए।

सप्तकोशी नगरपालिकाले गत आर्थिक वर्ष २०८२/८३ मा घाटगद्दी(स्टोक) गरिएको स्थानबाट ढुंगा, गिट्टी, बालुवा र ग्राभेल उठाउने जिम्मेवारी लक्ष्मी साह कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालिलाई प्रदान गरेको छ। तर, शनिबार वनले बालुवासहित नियन्त्रण लिएको ट्रिपरधनीसँग फेला परेको उक्त सप्लायर्सको बिलमाथि पनि शंका उठेको छ। 'हामीलाई घाटगद्दी गरिएको ठाउँमा अझ बालुवा बाँकी रहेको छ र सप्लायर्सलाई लग्न दिनु भनि कुनै किसिमको सूचना नगरपालिकाले दिएको छैन', डिभिजन वन प्रमुख ठाकुरले भने, 'अहिले हामीलाई फेला परेको लक्ष्मी साह कन्स्ट्रक्सन एण्ड सप्लायर्सको बिलमाथि शंका लागेको छ, यसबारे नगरप्रमुखलाई पनि जानकारी गराउन आग्रह गरेका छौं, थप अनुसन्धान पनि हामीले गरिरहेका छौं।'

### *यो वर्ष नेपालको ...*

यद्यपि, २०२७ मा यो घटेर ४.१ प्रतिशतमा झर्ने अनुमान गरिएको छ। अर्कातिर भन्सार महसुल, उत्पादन शृंखलामा भइरहेको अवरोध तथा र प्रविधि सम्बन्धी व्यापार तनावका कारण २०२६ मा विश्व व्यापारमा सुस्तता आउने र २०२७ मा स्थिर हुने प्रक्षेपण आईएमएफको छ।

प्रतिवेदन अनुसार प्रविधि मूल्य शृंखलामा नजोडिएका र ऊर्जा आयातमा निर्भर रहेका अर्थतन्त्रहरूले अहिले सबैभन्दा कठिन परिस्थिति सामना गर्नुपरेको छ। यस्ता देशहरूले उच्च आयात लागत, मुद्रा विनिमय दरमा दबाब, वास्तविक आयमा कमी र सीमित वित्तीय क्षमता सामना गर्नुपरिरहेको छ। 'धेरैजसो न्यून आय भएका र जोखिममा रहेका देशहरू यही समूहमा पर्ने भएकाले उनीहरूबीच र देश भित्रै आयको असमानता अझ फराकिलो हुने खतरा छ,' आईएमएफको भनाइ छ।

# गोलबजारबाट ब्राउनसुगर सहित दुईजना पक्राउ



लहान, २७ असोज। सिराहाको गोलबजार नगरपालिका–१, मुक्सार क्षेत्रबाट कडा खालको मानिने प्रतिबन्धित ब्राउनसुगरजस्तो देखिने पदार्थसहित प्रहरीले दुईजनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार विशेष सूचनाको आधारमा प्रहरी चौकी मुक्सार र गोलबजारस्थित लागुऔषध नियन्त्रण ब्युरोको शाखा कार्यालयबाट खटिएको संयुक्त प्रहरी चेकिङ टोलीले धनगढीमाई नगरपालिका– १३ का करिब १९ वर्षीय सुरज यादव र उनका साथी स्थानीय श्यामबाबुकुमार यादवलाई सोमबार साँझ पक्राउ गरेको हो।

पूर्व–पश्चिम लोकमार्गमा पर्ने कसहाबाट स.६प ७३३७ नम्बरको मोटरसाइकल चढेर उत्तरतर्फ गइरहेका यादवद्वयलाई रोकेर चेकजाँच गर्दा मोटरसाइकलचालक सुरजको साथबाट प्लास्टिकबाहेक चार ग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थ बरामद भएको सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार मोटरसाइकलसहित दुवैजनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय गोलबजारमा राखेर थप अनुसन्धान भइरहेको छ।

**दुई महिनामा ३८८ ग्रामभन्दा बढी ब्राउनसुगर बरामद**

सिराहा प्रहरीले पछिल्लो दुई महिनाको अवधिमा जिल्लाका विभिन्न ठाउँबाट ३८८ ग्राम ३९ मिलिग्राम ब्राउनसुगर बरामद गरेको छ। प्रहरी तथ्यांकअनुसार चालू आर्थिक वर्ष ०८३/८४ को भदौमा जिल्ला प्रहरी र मातहतको प्रहरी युनिटबाट खटिएको प्रहरी टोलीले १३८ ग्राम २७० मिलिग्राम र साउन महिनामा २५० ग्राम ४२ मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो। प्रहरीले पछिल्लो आ.व. ०८२/८३ मा ९८७ ग्राम ३९ मिलिग्राम २७० मिलिग्राम ब्राउनसुगर बरामद गरेको थियो।

# ९० किलो गाँजा सहित सिरहामा एक जना पक्राउ

सिरहा, २७ असोज। सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका–५, कल्याणपुरबाट प्रहरीले ९० किलो लागुऔषध गाँजा बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गए राति ११ बजे गाँजाको बिक्री भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय लहान र महेशवारीबाट संयुक्त प्रहरी टोलीले खटिएको थियो। प्रहरी प्रवक्ता एवं डिएसपी रमेश बहादुर पालका अनुसार गाँजा सहित ४३ वर्षीय जगदिश यादवलाई पक्राउ परेका हुन्।

टोलीले कल्याणपुरस्थित यादवको घरमा खानतलासी गर्दा सेतो बोराभित्र प्लास्टिकमा राखिएको अवस्थामा गाँजा फेला परेको जनाएको छ। बरामद गाँजा सहित यादवलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय लहानमा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# हुंकार मधेशले तोक्यो २१ विभागीय प्रमुख

९ असोजमा औपचाक घोषणा गरिएको हुंकार मधेशले सोही अनुरूप सबै योग्य व्यक्तिहरूलाई जिम्मेवारी दिइएको प्रवक्ता झाले बताए।

काठमाडौं, २७ असोज। हुंकार मधेशले विभागीय प्रमुखहरुको जिम्मेवारी तोकेको छ। हुंकार मधेशले मंगलबार संगठनको सबैभन्दा महत्वपूर्ण मानिएको विभागका प्रमुखहरूको जिम्मेवारी तोकेको हो। पहिलो चरणमा २१ वटा विभागीय प्रमुखहरूको जिम्मेवारी तोकिएको प्रवक्ता केशवकुमार झाले जानकारी दिए। हुंकार मधेशले विभागिय प्रमुखका लागि कम्तीमा स्नातक तह उतीर्ण र विषयविज्ञ हुनुपर्ने प्रावधान राखेको थियो। ९ असोजमा औपचाक घोषणा गरिएको हुंकार मधेशले सोही अनुरूप सबै योग्य व्यक्तिहरूलाई जिम्मेवारी दिइएको प्रवक्ता झाले बताए। उनीहरूलाई सातदिन भित्र कार्ययोजना, कार्यविधि र सयदिने कार्यक्रमको कार्यसूचीको खाका बनाएर पेश गर्न भनिएको छ। हुंकार मधेशले दशैंलगतै झापादेखि कञ्चनपुरसम्म सयदिने हुलाकी यात्रा सुरु गर्ने कार्यक्रम यसअघि नै तय गरेको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)